# पत्रपत्रिका वितरण सम्परीक्षणको मापदण्ड ☐ २०६६ (परिमार्जन, २०७३)

१. **पृष्ठभूमि : प्रेस** काउन्सिल नेपालले वि.सं. २०४० देखि पत्रपत्रिकाको वर्गीकरणसम्बन्धी कार्य गर्दै आएकोमा प्रेस काउन्सिल ऐन, २०४८ लागू भएपछि कानूनी रुपमै वितरण सम्परीक्षणसमितिको व्यवस्था भई सोही समितिमार्फत् पत्रपत्रिकाको वर्गीकरणसम्बन्धी कार्य भइरहेको छ। वर्गीकरणलाई व्यवस्थित र पारदर्शि वनाउन मापदण्ड निर्माण गर्न आवश्यक देखिएकोले प्रेस काउन्सिल (कार्यव्यवस्था) नियमावली, २०४९ को नियम ६ को उपनियम ६ बमोजिम यो मापदण्ड तर्जुमा गरिएको र समयानुकूल परिमार्जन हुँदै आएको छ।

२. **वर्गीकरणको निम्ति मापदण्ड निर्धारण** : प्रेस काउन्सिल ऐन, २०४८ ले कानूनतः पत्रपत्रिकाको वर्गीकरण गर्ने जिम्मेवारी वितरण सम्परीक्षणसमितिलाई तोकेको भए पनि वर्गीकरण गर्ने विधि एवं प्रकृया बारे स्पष्ट व्यवस्था नभएकाले पहिलो पटक वि.सं.२०५५ मा काउन्सिलद्वारा वर्गीकरण मापदण्ड तर्जुमा गरी कार्यान्वयनमा ल्याइएको हो।

३. **परिमार्जनको आवश्यकता** : पत्रपत्रिका वर्गीकरण गर्दै गरेको अनुभवका आधारमा यस प्रकृयागत मापदण्डलाई बस्तुनिष्ठ र वैज्ञानिक बनाउँदै जादाँ वि.सं. २०५७, २०५९, २०६४, २०६६ र २०७३ मा गरी पाँचपटक परिमार्जन गरिसकिएको छ।

४. **वर्गीकरण पद्धति** : लामो समयसम्म केन्द्रिकृत वर्गीकरण पद्धति कायम रहेको सन्दर्भमा विकेन्द्रित पद्धतिलाई अवलम्बन गर्दा बढी व्यावहारिक हुने देखिएकाले वर्गीकरण कार्यलाई देहायबमोजिम तीन तहमा विभाजन गरिएको छ,

४.१. राष्ट्रिय तहको वर्गीकरण (नेपालभरि बिक्री वितरण हुने पत्रिका)

४.२. क्षेत्रीय तहको वर्गीकरण (क्षेत्रीयस्तरमा बिक्री वितरण हुने पत्रिका)

४.३. स्थानीय तहको वर्गीकरण (स्थानीयस्तरमा जिल्ला भित्र) बिक्री वितरण हुने पत्रिका)

५. **श्रेणी (वर्ग)) विभाजन** : पत्रपत्रिकाको श्रेणी विभाजन गर्दा सामान्यतः 'क', 'ख' 'ग' र घ वर्ग गरी चार वर्गमा विभाजन गरिने छ। पच्चीस हजारभन्दा बढी प्रति छापिने साथै ९१ प्रतिशत वा सोभन्दा वढी अंक प्राप्त गर्ने पत्रपत्रिकालाई क+ मानिने छ र त्यस्तो पत्रिकाले पनि क श्रेणीकै सुविधा पाउनेछ। वर्गीकरणमा समावेश नभएको पत्रिका सरकारी कोष (नेपाल सरकारका विभिन्न निकाय, संस्थान, प्राधिकरण, समिति आदि) बाट भुक्तानी हुने कुनै पनि विज्ञापन प्रकाशन गर्न योग्य मानिने छैन। दुई करोडभन्दा बढी लगानी भएको वा १०० जनाभन्दा बढी पूर्णकालिन कर्मचारी/कामदार पत्रकार भएकोलाई लोककल्याणकारी विज्ञापनवापतको सुविधा उपलव्ध गराउन सिफारिश गरिनेछैन।

६. **सम्परीक्षण वर्गीकरण गर्ने निकाय** : प्रेस काउन्सिल ऐन, २०४८ मा पत्रपत्रिकाको वर्गीकरण केन्द्रीयस्तरको वितरण सम्परीक्षणसमितिले गर्ने व्यवस्था छ। वर्गीकृत हुन चाहने सबै पत्रपत्रिका प्रकाशकले वितरण सम्परीक्षणसमितिसमक्ष आवेदन दिनुपर्ने व्यवस्था छ। स्थानीय तहको वर्गीकरणका लागि कानूनी रुपमै छुट्टै संयन्त्र बनाउनु आवश्यक देखिन्छ। कानूनी रुपमा त्यस्तो संयन्त्र नबन्दासम्म वितरण सम्परीक्षणसमितिले नै त्यो काम गर्नेछ। तर विभिन्न तहको वर्गीकरण गर्ने संयन्त्र नबनेसम्म स्थानीय तहमा पत्रपत्रिकाको प्रकाशन र वितरणको अवस्थाबारे बुझी प्रतिवेदन पेश गर्ने स्थानीय वितरण सम्परीक्षण समितिको व्यवस्था गर्न सकिने छ।

७. **स्थानीय वितरण सम्परीक्षण समिति :**

हाल बढी पत्रपत्रिका प्रकाशन हुने जिल्लामा आवश्यकताअनुसार कार्य गर्ने गरी देहायबमोजिम स्थानीय वितरण सम्परीक्षण समिति गठन हुनेछ :

१. सूचना केन्द्र भएको जिल्लामा सो केन्द्रको प्रमुख, सूचना केन्द्र नरहेकोमा जिल्ला हुलाक कार्यालयको प्रमुख - संयोजक

२. नेपाल पत्रकार महासंघका जिल्ला अध्यक्ष वा प्रतिनिधि - सदस्य

३. जिल्ला/नगर उद्योग वाणिज्य संघका प्रतिनिधि - सदस्य

४. सूचना केन्द्रको प्रमुख संयोजक भएकोमा जिल्ला हुलाक कार्यालयको प्रमुख वा प्रतिनिधि,जिल्ला हुलाक कार्यालयको प्रमुख संयोजक रहेको हकमा सूचना केन्द्रको प्रमुख वा प्रतिनिधि - सदस्य

५. जिल्ला विकास समितिको कार्यालयको प्रतिनिधि - सदस्य

६. जिल्ला प्रशासन कायालयको प्रतिनिधि - सदस्य

७. पुस्तक तथा स्टेशनरी विक्रेता महासंघको जिल्ला अध्यक्ष - सदस्य

८. संयोजकले तोकेको कर्मचारी एक जना - सचिव

समितिले आवश्यकताअनुसार छापामाध्यम, विज्ञापन एजेन्सी, चाटर्ड एकाउन्टेन्ट संघलगायत संगठनसम्वद्ध विषय विज्ञहरुलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

८. **कार्यक्षेत्र** : यो स्थानीय सम्परीक्षण समितिको कार्यक्षेत्र (TOR) वितरण सम्परीक्षण समितिले स्पष्ट रुपमा तोक्नेछ । साथै यसलाई आवश्यक सञ्चालन खर्च (Logistic support) समेत उपलब्ध गराइने छ । यस समितिलाई वितरण सम्परीक्षण समितिका सदस्यहरुले समन्वयकारी भूमिका निर्वाह गरी सहयोग गर्नेछन् ।

९. **मूल्यांकन/वर्गीकरणमा पर्ने आवश्यक न्यूनतम आधार** : कुनै पनि पत्रिका वर्गीकरणमा समावेश हुन छापाखाना तथा प्रकाशन सम्बन्धी नियमावली २०४९ को नियम ७ (२) बमोजिम एक वर्षमा न्यूनतम देहायको अंक प्रकाशित भएको हुनु पर्दछ :

| | |
|---|---|
| क) दैनिक समाचारपत्र | ३०० अंक |
| ख) अर्धसाप्ताहिक समाचारपत्र | ८० अंक |
| ग) साप्ताहिक समाचारपत्र | ४० अंक |
| घ) पाक्षिक समाचारपत्र | २० अंक |
| ङ) मासिक समाचारपत्र | १० अंक |
| च) द्वैमासिक र त्रैमासिक समाचारपत्र | ४ अंक |

(अवधि गणना साउनदेखि असारसम्म)

माथि उल्लेखित न्यूनतम अंक प्रकाशित नगर्ने पत्रपत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन । पत्रिका नियमित प्रकाशन भएको आर्थिक वर्ष पूरा भएपछि मात्र समितिको मूल्यांकनमा पर्नेछ । तर सुविधा भने दुईबर्ष निरन्तर प्रकाशन गरेपछि प्राप्त हुनेछ ।

## १० आवेदन, सोसम्बन्धी फाराम र शुल्क

१०.१ **आवेदन दिनुपर्ने** : यस व्यवस्थाअनुरूप प्रत्येक आर्थिक वर्षको साउनदेखि असार मसान्तसम्ममा माथि निर्धारण भए बमोजिमको अंकहरु प्रकाशित गरी प्रकाशन र वितरणको लेखा परीक्षकद्वारा संम्परीक्षण गराएर असोज मसान्तभित्र आवेदन दिने पत्रपत्रिकाको मात्र सम्परीक्षणमूल्यांकन हुनेछ । म्याद समाप्त भएको मितिले ७ दिनभित्र दोब्बर दस्तुर तिरी आवेदन दिन सकिने छ ।

१०.२ **वितरण फाराम** : वितरण सम्परीक्षण समितिले सम्परीक्षण मूल्यांकनको निम्ति आवेदन दिने पत्रपत्रिकाको मात्र प्रकाशन र वितरणको सम्परीक्षण एवं मूल्यांकन गर्नेछ । पत्रपत्रिकाहरूले वितरण सम्परीक्षण समितिद्वारा निर्धारण गरिएको वितरण फारामको ढाँचामा आवेदन दिनु पर्नेछ ।

निर्धारित ढाँचाको फाराम भरी *हरेक आर्थिक वर्षको साउनदेखि असारमसान्तसम्मको विवरण असोज मसान्तभित्र* लेखा परीक्षण गराई (उदाहरणको लागि २०७२ साउनदेखि २०७३ असारमसान्तको विवरण २०७३ सालको असोजभित्र) सचिवालयमा पेश गर्नुपर्नेछ ।(*फारामको विवरण अनुसूची-१मा रहेको) वितरण सम्परीक्षण समितिले कारणखुलाई सूचना निकालेर फाराम भर्ने म्याद थप गर्न सक्नेछ ।*

**१०.३ दर्ता तथा प्रमाणपत्र शुल्क :** वर्गीकरणमा सहभागी हुन चाहने पत्रपत्रिकाले वर्गीकरणको फारामसाथ देहायबमोजिमको दर्ता तथा प्रमाणपत्र शुल्क बुझाउनु पर्नेछ ।

१. राष्ट्रिय तहको वर्गीकरण (सबै विकास क्षेत्रमा विक्री वितरण हुने पत्रिका) मा समावेश हुन चाहने पत्रिकाले रु ४०००।-

(चार हजार मात्र) ।

२. प्रादेशिक तहको वर्गीकरण (प्रादेशिकस्तरमा बिक्री वितरणका लागि वितरण हुने पत्रिका) मा समावेश हुन चाहने पत्रिकाले रु. ३५००।- (तीन हजार पाँचसय) ।

३. स्थानीय तहको वर्गीकरण (स्थानीयस्तरमा (जिल्लामा मात्र) बिक्री वितरणका लागि वितरण हुने पत्रिका) मा समावेश हुन चाहने पत्रिकाले रु.२५००।- ( दुई हजार पाँच सय मात्र) ।

४. वर्गीकरण फाराम *रु.१००।- (एक सय)* शुल्क तिरी प्रेस काउन्सिल सचिवालय साथै काउन्सिलको वेबसाइटबाट डाउनलोड गरी प्राप्त गर्न सकिने छ ।

५. वर्गीकरणको फाराम प्रेस काउन्सिल सचिवालयमा आई नगद तिरेको रसिदसहित दर्ता गराउन सकिने छ। यसबाहेक काउन्सिलको खातामा रकम जम्मा गरेको भौचर वा काउन्सिलको नाममा खिचिएको बैक ड्राफ्ट संलग्न गरी कुरियरबाट र भौचर स्क्यान गरी काउन्सिलको इमेल ठेगानाबाट पनि फर्म भरी दर्ता गराउन सकिने छ ।

**११. वर्गीकरण र सिफारिश नगरिने :**

११.१ वर्गीकरणका निम्ति प्रस्तुत भएको पत्रपत्रिका प्रष्टसँग प्रिन्टिङ प्रेसबाट छापिएको हुनुपर्ने छ । अन्यथा वर्गीकरणमा समावेश गरिने छैन ।

११.२ संस्थागत पत्रिकाको हकमा कुनै दाताको सहयोगमा वा आफ्नो संस्थाको प्रचार वा प्रवर्द्धनको उद्देश्यले प्रकाशित भए वर्गीकरणमा समावेश गरिने लोककल्याणकारी विज्ञापनवापतको सुविधा उपलब्ध गराउन सिफारिश गरिने छैन ।

११.३ समाचारलाई सम्पादकीय भनी उल्लेख गर्ने, प्रायः जसो समाचार सामग्री विभिन्न पत्रपत्रिकाबाट साभार गर्ने, विभिन्न न्यूज एजेन्सीको समाचार सामाग्री मात्र उल्लेख गर्ने वा ५० प्रतिशतभन्दा कम आफ्नो मौलिक सामग्री प्रस्तुत नगर्ने पत्रपत्रिकालाई पनि वर्गीकरणमा समावेश गरिने छैन ।

११.४ एकै व्यक्ति प्रकाशक वा सम्पादक भई एकै प्रकृति र भाषाको एकभन्दा बढी पत्रिका प्रकाशित गरी वर्गीकरण मूल्यांकन भएको अवस्थामा लोककल्याणककारी विज्ञापन प्रयोजनको लागि एउटामात्र पत्रिकाको सिफारिश गरिने छ ।

११.५ स्थानीय तहको पाँचसय, विकास क्षेत्रको एकहजार र राष्ट्रियस्तरको तीनहजार प्रतिभन्दा कम प्रति छापी विक्रीवितरण गर्ने पत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन ।

तर, पत्रकारिताको विकासका निम्ति भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाहरु (पाँचथर, ताप्लेजुङ, संखुवासभा, तेह्रथुम, भोजपुर, सोलुखुम्बु, ओखलढुंङ्गा, खोटाङ, दोलखा, रामेछाप, गुल्मी, अर्घाखाँची, रसुवा, मनाङ, मुस्ताङ, रुकुम, रोल्पा, सल्यान, दैलेख, जाजरकोट, डोल्पा, जुम्ला, कालिकोट, मुगु, हुम्ला, बझाङ, बाजुरा, डोटी, अछाम, दार्चुला र बैतडी) बाट प्रकाशित हुने पत्रपत्रिका स्थानीय तहको वर्गीकरणको लागि आवेदन गरेका हकमा न्यूनतम तीनसय प्रति छापिने रहेछ भने पनि वर्गीकरणमा समावेश गरिने छ ।

## १२. राष्ट्रिय तह, क्षेत्रीय तह र स्थानीय तहअन्तरगत विभिन्न वर्गमा वर्गीकृत हुन आवश्यक अन्य आधार :

१२.१ राष्ट्रिय तहको वर्गीकरणका लागि निवेदन दिने पत्रपत्रिकाहरु देहायको वर्गमा वर्गीकरण हुन निम्न आधार पूरा गर्नु पर्नेछ :

**'क' वर्ग**

१. नेपालका सबै विकास क्षेत्र समेटिने गरी ***५१ प्रतिशत (३८ जिल्ला)*** वा सोभन्दा बढी जिल्लामा विक्री वितरण भएको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय, लैङ्गिक, समाजिक विविधता, बहुलता आदि विषयवस्तु समेटिने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्नेछ ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाइबापत प्रेसद्धारा जारी कर बिजक, पत्रिका पठाइएका बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई बिक्री गरेकोमा सोवापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षक प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिम आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई स्वीकारिने छैन ।

**'ख' वर्ग**

१. नेपालका सबै विकास क्षेत्र समेटिने गरी ४० प्रतिशत *(३० जिल्ला)* वा सोभन्दा बढी जिल्लामा विक्री वितरण भएको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय,लैङ्गिक, समाजिक विविधता, बहुलता आदि विषयवस्तु समेटिने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्नेछ ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाइबापत प्रेसद्धारा जारी कर बिजक, पत्रिका पठाएका बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षक प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिम आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई मान्यता दिइने छैन ।

**'ग' वर्ग**

१. नेपालका सबै विकास क्षेत्र समेटिने गरी २५ प्रतिशत *(१९ जिल्ला)* वा सोभन्दा बढी जिल्लामा विक्री वितरण भएको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय,लैङ्गिक, समाजिक विविधता, वहुलता आदि विषयवस्तु समेटने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्धारा जारी कर बिजक, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षक प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिम आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई मान्यता दिइने छैन ।

***'घ' वर्ग***

१. नेपालका सबै विकास क्षेत्र समेटिने गरी १५ प्रतिशत (११ जिल्ला) वा सोभन्दा बढी जिल्लामा विक्री वितरण भएको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय,लैङ्गिक, समाजिक विविधता, बहुलता आदि विषयवस्तु समेटिने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्ने ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्धारा जारी कर बिजक, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षकको प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिम आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

नेपालका ११ जिल्लाभन्दा कम क्षेत्रमा विक्री वितरण गर्ने साथै सबै विकास क्षेत्रमा नपुगेको पत्रिकाले राष्ट्रिय तहको वर्गीकरणमा भाग लिन पाउने छैन ।

**१२.२ क्षेत्रीय तहको वर्गीकरणका लागि निवेदन दिने पत्रपत्रिकाहरु देहायको वर्गमा पर्न निम्न आधार पूरा गर्नु पर्नेछ :**

**'क' वर्ग**

१. सो विकास क्षेत्रका ***५१ प्रतिशत वा सोभन्दा बढी*** जिल्लामा विक्री वितरण भएको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय, लैङ्गिक, समाजिक विविधता, बहुलता आदि विषयवस्तु समेटिने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्नेछ ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्धारा जारी कर बिजक, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षकको प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिमका आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

**'ख' वर्ग**

१. सो ***विकास क्षेत्रका*** कम्तिमा ४० प्रतिशत वा सो भन्दा बढी जिल्लामा विक्री वितरण भएको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय, लैङ्गिक, समाजिक विविधता, वहुलता आदि विषयवस्तु समेटने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्नेछ ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्धारा जारी कर बिजक,पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षकको प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिमका आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

**'ग' वर्ग**

१. सो ***विकास क्षेत्रका*** कम्तिमा २५ प्रतिशत वा सो भन्दा बढी जिल्लामा विक्री वितरण भएको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय,लैङ्गिक, समाजिक विविधता, वहुलता आदि विषयवस्तु समेटने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्नेछ ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्धारा जारी कर बिजक,पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षकको प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिमका आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

***'घ' वर्ग***

१. सो विकास क्षेत्रका कम्तिमा १५ प्रतिशत वा सो भन्दा बढी जिल्लामा विक्री वितरण भएको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय,लैङ्गिक, समाजिक विविधता, वहुलता आदि विषयवस्तु समेटने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्नेछ ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्धारा जारी कर बिजक, पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षकको प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिमका आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

**१२.३ स्थानीय तहको वर्गीकरणका लागि निवेदन दिने पत्रपत्रिकाहरु देहायको वर्गमा वर्गीकरण हुन दहायका आधारहरु पूरा गर्नु पर्नेछ :**

**'क' वर्ग**

१. जिल्लास्थित विभिन्न विक्रीकेन्द्रबाट (जिल्ला सदरमुकामसमेत) विक्री वितरण हुनुको साथै जिल्लाका ७५ प्रतिशत वा सो भन्दा बढी स्थानीयतहमा पुगेको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय, लैङ्गिक, समाजिक विविधता, वहुलता आदि विषयवस्तु समेटने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्नेछ ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्धारा जारी कर बिजक,पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षकको प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिमका आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

**'ख' वर्ग**

१. जिल्लास्थित विभिन्न विक्रीकेन्द्रबाट (जिल्ला सदरमुकामसमेत) विक्री वितरण हुनुको साथै जिल्लाका ६० प्रतिशत वा सो भन्दा बढी स्थानीयतहमा पुगेको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय,लैङ्गिक, समाजिक विधिता, वहुलता आदि विषयवस्तु समेटने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्नेछ ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्धारा जारी कर बिजक,पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षकको प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिमका आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

**'ग' वर्ग**

१. जिल्लास्थित विभिन्न विक्रीकेन्द्रबाट (जिल्ला सदरमुकामसमेत) विक्री वितरण हुनुको साथै जिल्लाका ४५ प्रतिशत वा सो भन्दा बढी स्थानीयतहमा पुगेको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय, लैङ्गिक, समाजिक विविधता, वहुलता आदि विषयवस्तु समेटने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्नेछ ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्धारा जारी कर बिजक,पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षकको प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनुपर्दछ । उक्त बमोजिमका आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

***'घ' वर्ग***

१. जिल्लास्थित विभिन्न विक्रीकेन्द्रबाट (जिल्ला सदरमुकामसमेत) विक्री वितरण हुनुको साथै जिल्लाका ३० प्रतिशत वा सो भन्दा बढी स्थानीयतहमा पुगेको हुनु पर्नेछ ।
२. भौगोलिक, जातीय, लैङ्गिक, समाजिक विविधता, वहुलता आदि विषयवस्तु समेटने गरी समाचारहरु प्रकाशन भएको हुनु पर्नेछ ।
३. श्रमजीवी पत्रकार ऐन कार्यान्वयन गरेको हुनु पर्नेछ ।
४. माथि उल्लेखित विवरणलाई पुष्टि गर्ने आधार प्रमाणहरु (जस्तै : कागज खरिद गरेको कर बिजक, छपाईबापत प्रेसद्धारा जारी कर बिजक,पत्रिका पठाएको बिक्रीकेन्द्रहरुको पूर्ण विवरण, सिधै ग्राहकलाई विक्री गरेकोमा सो वापत आम्दानी भएको प्रमाणित विवरण, सम्बन्धित आ.व.को लेखापरीक्षकको प्रतिवेदन, अघिल्लो आ.व.को कर चुक्ताको प्रमाण आदि) निवेदनसाथ अनिवार्यरुपमा समावेश गरेको हुनु पर्दछ । उक्त बमोजिमका आधार प्रमाणहरु संलग्न नगरी दिएको निवेदनलाई वर्गीकरणमा समावेश गरिने छैन ।

१३. **विषयगत अंक विभाजन (पूर्णाङ्क १००) :** पत्रपत्रिकाको विभिन्न पक्षको मूल्यांकनको निम्ति १०० पूर्णाङ्क राखिएको छ। वितरण परिमाणको निम्ति ४५, निरन्तरता १० (वर्षको ५ र अंकको ५) गरी पहिलो समूहमा कूल ५५ अंक, दोस्रो समूहमा आचारसंहिताको २० अंक र तेस्रो समूहमा विषयवस्तु १०, समाचारको अर्न्तवस्तुमा विविधताको निम्ति ५, भाषा ५, साजसज्जा/छपाई ५ गरी कूल २५ अंक कायम गरिएको छ।

राष्ट्रिय तहको वर्गीकरणका निम्ति पहिलो समूहको मूल्यांकन प्रेस काउन्सिल सचिवालयको तर्फबाट गरिन्छ भने दोस्रो समूहको आचारसंहिता पालनाबापतको नम्बर काउन्सिल सचिवालयको आचारसंहिता अनुगमन इकाईको सिफारिसका आधारमा दिइने छ। तेस्रो समूहको मूल्यांकनको निम्ति वितरण सम्परीक्षणसमितिले परीक्षक नियुक्त गर्ने र परीक्षकले मूल्यांकन गरी दिएको प्रतिवेदनमा पत्रपत्रिकाले प्राप्त गरेको अंक र सचिवालयबाट गरिने मूल्यांकनमा प्राप्त गरेको अंक जोडी १०० पूर्णाङ्कमा जम्मा कति अंक प्राप्त गर्छ सो को आधारमा पत्रपत्रिकालाई विभिन्न वर्गमा छुट्याइने छ। स्थानीय तहको वर्गीकरणका निम्ति स्थानीय तहका अनुगमन समितिले दिएको सिफारिसका आधारमा वितरणबापतको अंक दिइने छ । तेस्रो समूहको मूल्यांकनका लागि विशेषज्ञको नियुक्ति वितरण सम्परीक्षणसमितिले गर्नेछ।

१३.१ पत्रपत्रिकाको सम्परीक्षणमूल्यांकन देहायबमोजिम गरिने छ :-

(क) प्रथम समूह

| *क.सं* | *पत्रिकाको नाम* | *वितरण परिमाण* | *निरन्तरता* | | *जम्मा* | *प्राप्ताङ्क* |
|---|---|---|---|---|---|---|
| | | | *बर्ष* | अंक | | |
| | | *४५* | *५* | *५* | *५५* | |

(ख) दोस्रो समूह

| *क.सं* | *पत्रिकाको नाम* | *आचारसंहिता* | *जम्मा* | *प्राप्ताङ्क* |
|---|---|---|---|---|
| | | *२०* | *२०* | |

(ग) तेस्रो समूह

| *क.सं* | *पत्रिकाको नाम* | *विषयवस्तु* | *भाषा* | *समाचारको अन्तर्बस्तुमा विविधता* | *साजसज्जा/छपाई* | *जम्मा* | *प्राप्ताङ्क* |
|---|---|---|---|---|---|---|---|
| | | *१०* | *५* | *५* | *५* | *२५* | |

तेस्रो समूहको मूल्यांकनका लागि पत्रकारिताका अनुभवी, विषयवस्तुको ज्ञाता, विधागत क्षेत्र र विभिन्न भाषाभाषी सम्बद्ध सञ्चार विज्ञहरुको 'विशेषज्ञ सूची' तयार पारी प्रत्येक वर्ष अद्यावधिक गर्दै लगिने छ र त्यही सूचीबाट विशेषज्ञ नियुक्त गरी तोकिएको मापदण्डबमोजिम पत्रपत्रिकाको मूल्यांकन गराइने छ।

**१४. विभिन्न वर्गमा पर्नको निम्ति आवश्यक पर्ने प्राप्तांक प्रतिशतः**

पत्रपत्रिका वितरण संपरीक्षणको मूल्यांकन गर्दा देहायबमोजिम अंक प्राप्त गर्ने पत्रपत्रिकालाई देहायको वर्गमा समावेश गरिने छ :

*(अ) 'क+' वर्ग = ९१ वा सोभन्दा माथि*

(आ) 'क' वर्ग= ६६ देखि ९० सम्म

(इ) 'ख' वर्ग. ५१ देखि ६५ सम्म

(ई) 'ग' वर्ग. ३६ देखि ५० सम्म

*(उ) 'घ' वर्ग २५ देखि ३५ सम्म*

अन्तिम योगफलमा दशमलवपछि आउने संख्या ०.५० वा सोभन्दा माथि भए माथिल्लो अंक पाउने छ र त्यसैका आधारमा वर्ग कायम गरिने छ। जस्तै : अन्तिम योगफल ६५.५० वा सोभन्दा बढी दशमलब भए ६६ अंक कायम गरी 'क' वर्गमा वर्गीकृत गरिनेछ।

पत्रपत्रिका वर्गीकरणको लागि मूल्यांकनका निमित्त निर्धारित १०० पूर्णांकमा *२५ अंक* प्राप्त गर्न नसक्ने पत्रिकालाई नियमित प्रकाशनको सूचीमा मात्र समावेश गरिनेछ।

**१५. वितरण संख्या परीक्षण विधि :**

१५.१ बिक्री वितरणको प्रामाणिकताका लागि पत्रपत्रिकाका सम्बन्धित प्रकाशकले वितरण फाराममा यो मापदण्डबमोजिम वा वितरण फाराममा संलग्न गर्नुपर्ने भनी उल्लेख गरिएका विवरणहरु अनिवार्य रुपमासंलग्न गरेको हुनु पर्दछ।

१५.२ पत्रिकाले सम्बन्धित आर्थिक बर्षमा गरेको आयको लेखापरीक्षण गराई लेखापरीक्षणको प्रतिवेदन र अघिल्लो वर्षको कर चुक्ता विवरणसमेत फारामसाथ अनिवार्य रुपमा संलग्न गर्नुपर्नेछ। छपाई, बिक्री वितरण भएको संख्या र आय व्यय आदि लेखापरीक्षकबाट अनुसूची १ को ढाँचामा प्रमाणित गराएको हुनुपर्नेछ।

१५.३ वितरण सम्परीक्षणसमितिले स्थानीय निकाय, स्थानीय प्रशासन र स्थानीय उद्योग वाणिज्य संघ, सञ्चार केन्द्र, नेपाल पत्रकार महासंघको स्थानीय शाखा, जिल्ला वा क्षेत्रस्तरका पत्रपत्रिका बिक्री एजेन्ट, थोक विक्रेता आदिसँग वितरणको यथार्थता परीक्षण (Cross check) गर्न सक्नेछ।

१५.४ प्रकाशकले दावी गरेको वितरण परिमाणको संख्यालाई वितरण सम्परीक्षण समितिको वेब साइटमार्फत सार्वजनिक गरिने छ। कुनै कारणबस प्रकाशकको दावी झूठो ठहरिएमा सम्बन्धित समितिले वर्ग घटाउन वा वर्गीकरणबाट हटाउन सक्नेछ।

१५.५ वितरण संख्या यकिन गर्ने सन्दर्भमा सम्बन्धित समितिले आवश्यकताअनुसार प्रेस निरीक्षण तथा बजार सर्वेक्षण गर्नेछ। निरीक्षणमा सहयोग नगरेको खण्डमा वितरणको अंक शून्य दिइने छ।

*१६. समाचारको अन्तर्वस्तुमा विविधताको मूल्यांकनः*

पत्रिकाहरूलाई समाचार सामग्री प्रकाशन गरेको आधारमा मूल्यांकन गरिने भएकोले साप्ताहिक भए १० अंक, दैनिक भए ३० अंक र मासिक, पाक्षिक, द्वैमासिक र त्रैमासिकका सबै अंकमा हेरी समाचारको अन्तर्वस्तुमा विविधता भए नभएको आधारमा ५ नम्बरलाई पूर्णाङ्क मानी नम्वर दिइनेछ। २० प्रतिशत भन्दा कम विविधता भएमा १, ४० प्रतिशतसम्मको लागि २, ६० प्रतिशतसम्मको लागि ३, ८० प्रतिशतसम्मको लागि ४ र सो भन्दा बढीको लागि ५ अंक प्रदान गरिनेछ।

**१७. विभिन्न पक्ष वा आधारहरूको मूल्यांकन गर्ने तरिका** : पत्रपत्रिकाको वितरण सम्परीक्षण मूल्यांकन गर्दा निर्धारित मापदण्डअनुसार देहायको अंक प्रदान गरिने छ :

**१७.१ वितरण परिमाण वापत प्राप्तांक** : वितरण परिमाणको निम्ति छापिएर वितरण भएको संख्या र वितरण भएको क्षेत्रलाई आधार बनाएर अंक प्रदान गरिनेछ। *यसरी अंक दिंदा ४५ पूर्णाङ्कमध्ये ३५ अंक छापिएर वितरण भएको संख्याका लागि र १०* अंक वितरण भएको क्षेत्रलाई आधार बनाइनेछ।

**१७.२ वितरण परिमाणको निम्ति देहायको अंक दिइनेछ :**

*क. राष्ट्रिय तह*

३००० देखि ५००० सम्मको लागि प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति ४ अंकका दरले अधिकतम् २० अंक,
थप ५००० देखि १५००० सम्मको लागि प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति ०.६ अंकका दरले अधिकतम् ६ अंक
थप १५००० देखि २५००० सम्मको लागि प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति ०.४ अंकका दरले अधिकतम् ४ अंक
थप २५००० माथिको लागि प्रत्येक १००० (एक हजार) प्रतिको निम्ति ०.१ अंकका दरले अधिकतम् ५ अंक

*ख. क्षेत्रीय तह*

पहिलो १०००( न्यूनतम) को लागि १५ अंक,
थप १००० देखि २००० सम्मको लागि प्रत्येक १०० ( एक सय) प्रतिको निम्ति ०.६अंकका दरले अधिकतम् ६ अंक
थप २००० माथिको लागि प्रत्येक १०० (एक सय) प्रतिको निम्ति ०.२ अंकका दरले अधिकतम् १४ अंक

*ग. स्थानीय तह*

पहिलो ५०० ( भौतिक पूर्वाधारका दृष्टिले पछि परेका जिल्लाहरुमा न्यूनतम ३०० को हकमा सो समेत) को लागि १७ अंक
५०० माथि प्रति सय १ का दरले अधिकतम १८ अंक थप

**१७.३ वितरण क्षेत्रका आधारमा देहायअनुसार अंक दिइनेछ :**

क. राष्ट्रिय तहको वर्गीकरणका लागि सबै विकास क्षेत्र समेट्ने गरी प्रति जिल्ला ०.१३३४ अंकका दरले बढीमा १० अंक दिइनेछ।

ख. क्षेत्रीय तहको वर्गीकरणका लागि कूल अंक १० लाई सो विकास क्षेत्रमा रहेका जिल्लाको संख्याले भाग गर्दा आउने भागफललाई वितरण भएका जिल्ला संख्याले गुणान गर्दा आउने अंक नै प्राप्ताङ्क हुने ( जस्तै १० जिल्ला भएको विकास क्षेत्रका निम्ति कुल अंक १० लाई जिल्ला संख्या १० ले भाग गर्दा आउने भागफल १ ले ५ जिल्ला वितरण हुने भए ५ अंक, १० जिल्ला वितरण हुने भए १० अंक ) दिइनेछ।

***ग. स्थानीय तहको वर्गीकरणका लागि जिल्लाका कुल स्थानीयतहको संख्यालाई १० पूर्णाङ्क कायम गरी अंक दिइनेछ।***

**१८ प्रेस निरीक्षण :**

वितरण संख्या यकिन गर्न वितरण सम्परीक्षणसमिति ***र स्थानीय*** वितरण सम्परीक्षण***समितिले*** (राष्ट्रिय, क्षेत्रीय र स्थानीय) सम्बन्धित प्रेस तथा बजार निरीक्षण गर्न सक्नेछ। प्रेसको स्थलगत निरीक्षण गर्दा निरीक्षण गरिएको पत्रिका जति प्रति प्रकाशित ***तथा वितरण*** भएको देखिन्छ सोही आधारमा वितरण परिमाणको अंक प्रदान गरिनेछ। समितिले जुनसुकै समयमा पनि प्रेस निरीक्षण गर्न सक्नेछ।

कुनै आवेदकले मूल्यांकनलाई प्रभाव पार्ने दृष्टिकोणले वितरण फाराममा यथार्थमा प्रकाशित हुने भन्दा बढी प्रति उल्लेख गरेको कुरा प्रेस निरीक्षण, कागज खपत वा प्रकाशनको कार्यालयमा भएको अन्य विवरणबाट थाहा हुन गएमा सचिवालयबाट प्रस्तुत प्रतिवेदनका आधारमा राष्ट्रियको हकमा ढाँटेको प्रति हजार बराबर ५ (पाँच) अंकका दरले, क्षेत्रीयको हकमा ढाँटेको प्रति हजार बराबर ३ (तीन) अंकका दरले र स्थानीयको हकमा ढाँटेको प्रति हजार बराबर २ (दुई) अंकका दरले यकिन भई पाउने अंकबाट घटाई वितरण परिमाणवापतको अंक दिइनेछ। त्यस्तै पसलमा पत्रिकाविक्रीको लागि जाने भनि विवरण बुझाएको तर पत्रिका

जाने नगरेको वा नभए नरेहको पसलमा पत्रिका विक्रीको लागि जाने गरेको भनि गलत विवरण दिएको हकमा समेत यस्तै किसिमले अंक घटाइने छ । धेरै विवरण गलत उल्लेख गर्ने पत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन ।

प्रेस निरीक्षणका क्रममा सहयोग नगर्ने पत्रिकालाई वर्गीकरणमा समावेश गरिने छैन ।

**१९. आचारसंहिता :**

पत्रकार आचार संहिताको पालनाका आधारमा बढीमा *२० अंकसम्म* प्रदान गरिनेछ। आचारसंहिता अनुगमनका क्रममा उल्लंघन गरेको देखिएमा नकारात्मक अंक दिइने छ। प्रेस काउन्सिल आचारसंहिता अनुगमन उपसमितिले नकरात्मक अंक दिएको विवरण यस समितिमा प्राप्त भएपछि आचारसंहिता वापतको कूल प्राप्त अंक गणना हुनेछ ।

१. पत्रकार आचार संहिता-२०७३ को दफा ४ बमोजिमको कर्तव्य निर्वाह वापत बढीमा ५ अंक दिइने छ । त्यस्तै दफा ५ ले निषेध गरेको कार्य गरेको आधारमा पत्रिकालाई बढीमा १५ अंक सम्म नकारात्मक अंक दिइने छ ।

२. काउन्सिलको आदेशअवज्ञा गर्ने पत्रपत्रिकालाई देहायबमोजिम बढीमा १५ अंकसम्म नकारात्मक अंक दिइने छ :

(क) पहिलो पटक अवज्ञा गरेमा ५ अंक
(ख) दोश्रो पटक अवज्ञा गरेमा १० अंक
(ग) तेश्रो पटक वा सोभन्दा बढी अवज्ञा गरेमा १५ अंक

३. गाली बेइज्जती वा मानहानीसम्बन्धी मुद्दामा अदालतबाट दोषी प्रमाणित भएमा प्रत्येक पटकका निम्ति ५ अंकका दरले बढीमा १० अंकसम्म नकारात्मक अंक दिइने छ ।

४. पटकपटक आचारसंहिता उल्लघंन गरी काउन्सिलले कारवाहीको सूचिमा राखेका पत्रपत्रिकालाई सम्परीक्षणसमितिले वर्गीकरण रोक्का गर्नेछ ।

**२० निरन्तरता :** पत्रपत्रिकाहरुलाई निरन्तरतासम्बन्धी अंक दिंदा वर्गीकृत भएको प्रत्येक वर्षका लागि ०.५० गरी बढीमा ५ अंक दिइनेछ । तर पहिलो वर्ष वर्गीकरणका निम्ति निवेदन दिने पत्रिकाले कुनै अंक पाउने छैन । त्यस्तै तोकिएबमोजिम न्यूनतम अंक भन्दा बढी अंक प्रकाशन गर्ने पत्रिकाले देहाय अनुसार बढीमा ५ अंक प्राप्त गर्नेछन् ।
दैनिक : प्रति अंक ०.०७७ का दरले अधिकतम ५ अंक
अर्ध-साप्ताहिक : प्रति अंक ०.२०९ का दरले अधिकतम ५ अंक
साप्ताहिक : प्रति अंक ०.४१७ का दरले अधिकतम ५ अंक
पाक्षिक : प्रति अंक १.२५ का दरले अधिकतम ५ अंक
मासिक : प्रति अंक २.५० का दरले अधिकतम ५ अंक
द्वैमासिक : प्रति अंक २.५० का दरले अधिकतम ५ अंक

उपरोक्त अनुसारको अंक दिंदा वर्गीकरणसम्बन्धी काउन्सिलको अभिलेखलाई आधार मानी दिइनेछ। यदि कुनै पत्रिका विगतमा वर्गीकरण भए पनि बीचमा वर्गीकरणको लागि निवेदन नदिई खण्डित भएको रहेछ भने त्यस्तो पत्रिकाको हकमा पछिल्लो अखण्डित वर्षहरुलाई मात्र गणनामा समावेश गरिनेछ । तर वर्गीकरणको लागि निवेदन दिएको तर विभिन्न कारणले वर्गीकरणमा समावेश हुन नसकेकोमा खण्डित भएको मानिने छैन ।

**२१ आकार र पृष्ठ संख्या :**

छापाखाना र प्रकाशनसम्बन्धी नियमावली २०४९ को नियम ७ (१) ले विभिन्न पत्रपत्रिकाको न्यूनतम आकार र पृष्ठ संख्या देहायबमोजिम निर्धारण गरेको हुँदा सोहीअनुसार प्रकाशन भएको हुनुपर्नेछ

| क.सं. | पत्रिकाको किसिम | नियमावलीले तोकेको | |
|---|---|---|---|
| | | न्यूनतम आकार | न्यूनतम पृष्ठ |
| १. | दैनिक समाचारपत्र | १२" x २१" | ४ |
| २. | अर्ध-साप्ताहिक समाचारपत्र | १०" x १५" | ६ |
| ३. | साप्ताहिक समाचारपत्र | १०" x १५" | ६ |
| ४. | पाक्षिक समाचारपत्र | ०९" x १५" | १२ |
| ५. | मासिक, द्वैमासिक र त्रैमासिक समाचारपत्र | ०९" x १५" | १२ |

*म्यागेजिनको हकमा ७.२५" x १०" वा न्यूनतम छपाई क्षेत्र २६६० वर्गइन्च र पृष्ठसंख्या ४० भएको हुनुपर्नेछ ।*

भौगोलिक विकटता भएका साथै तोकिएको मापदण्डमा छपाई गर्ने प्रेस नभएको आधार प्रमाणसहित निर्धारित आकार र पृष्ठ संख्याभन्दा भिन्न आकार र पृष्ठमा प्रकाशित पत्रपत्रिकाको हकमा समितिले आकार र पृष्ठ अनुपातका आधारमा कूल छपाई क्षेत्र (Printing Area) सन्तुलन हुने गरी सचेत गराई मूल्यांकनमा समावेश गर्न सक्नेछ ।

२२. **विषयवस्तु** : विषयवस्तुबापत निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरी बढीमा १० अंक प्रदान गरिनेछ :

| *विषयवस्तु (Subject)* | *१०* |
|---|---|
| *समाचारको सत्यता/तथ्यपरकता/स्रोत र विश्वसनीयता* | *२* |
| *विविधता/समावेशिता* | *२* |
| *समाचार/सवाल (Issue) को राष्ट्रिय, स्थानीय/सामाजिक महत्व/व्यापकता* | *१* |
| *समाचार/विश्लेषणमा मौलिकता/ नयाँपन र विशिष्टता (Breaking and Exclusivness)* | *१* |
| *खोज/अनुसन्धानमूलकता; विश्लेषण/ टिप्पणी आदिमा विधागत र लेखकीय विविधता* | *१* |
| *लेख/सम्पादकीय :*<br>*१. राष्ट्रियता, विषयको सान्दर्भिकता र मौलिकता*<br>*२. प्रस्तुतिमा तर्क, तथ्य र वस्तुपरकता* | <br>*१*<br>*१* |
| *अनलाईन/ वेभ* | *१* |

२३ **भाषा/प्रस्तुती** : भाषा/ प्रस्तुतीबापत निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरी देहायअनुसार बढीमा ५ अंक प्रदान गरिनेछः

| **भाषा/प्रस्तुति** | ५ |
|---|---|
| भाषाको समग्रस्तर (शब्दको सही चयन, वाक्य गठनमा शुद्धता, स्पष्टता र सरलता) | १ |
| सम्पादन | १ |
| शीर्षकका निम्ति सही शब्द र आकारको सही छनोट र प्रयोग तथा शीर्षक र प्रस्तुत सामग्री (पेटबोली) बीचको सामञ्जस्यता, सान्दर्भिकता, आकर्षण र तथ्यपरकता | १ |
| समाचारमा सन्तुलन/विचार प्रस्तुतिमा पाठक/समाजप्रतिको दायित्व/ जिम्मेवारीबोध/त्रुटी सच्याउने तत्परता र दोस्रो वा आरोपित पक्षको कथनलाई स्थान | १ |
| भाषिक शिष्टता | १ |

२४ **साजसज्जा/छपाई (Layout/Print)** : साजसज्जा/छपाई (Layout/Print) बापत निम्न पक्षको लेखाजोखा एवं मूल्यांकन गरी बढीमा ५ अंक प्रदान गरिनेछ :

| **साजसज्जा/छपाई** (Layout / Print) | ५ |
|---|---|
| फोटो (Picture) को सान्दर्भिकता, स्पष्टता/स्तरीयता, स्रोत र क्याप्सन | १.५० |
| कार्टुन(Cartoon)/ग्राफिक्स सान्दर्भिकता/सन्देशमूलकता, शिष्टता र सरलता,स्तरीयता | १ |
| सज्जा (Layout) | १ |
| **छपाई** (Printing), कागजको स्तर (Paper Quality), छपाईको स्तर | १.५ |

विशेषज्ञले माथि उल्लेखित विविध पक्षहरूको मूल्यांकन गर्दा पत्रकारिताका मूलभूत सिद्धान्तलाई आधार मानी अनुसूची २ को ढाँचामा मुल्याँकन गरी पेश गर्नु पर्दछ ।

२५. **पत्रपत्रिकालाई विशेष भाषिक सुविधा** : मैथिली, भोजपुरी, अवधि, नेवारी, मगर, गुरुङ, राई, थारु आदि सूचीकृत भएका राष्ट्रभाषामा प्रकाशित हुने पत्रपत्रिकालाई 'भाषा/प्रस्तुती' र 'साजसज्जा/छपाई' मा प्राप्त गरेको अंकलाई २ ले गुणन गरेर अंक दिइनेछ । तर यसरी दिएको कूल अंक पूर्णाङ्कभन्दा बढी हुने छैन ।

